नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

☎ ६६३७८७३/५६३९०७७
Fax: 6637872
Website: www.tsc.gov.np

पत्र संख्या: २०७२/७३
चलानी नं. १३२८ मिति : २०७२/०९/०६

**विषय : परीक्षा केन्द्र निर्धारण गरी पठाउने सम्बन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
सबै ।

शिक्षक सेवा आयोगको पूर्व प्रकाशित सूचना अनुसार माध्यमिक तथा निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्रको लागि क्रमशः २०७२ साल फाल्गुन १४ र १५ गते र २५% आन्तरिक प्रतियोगितात्मक बढुवाको लागि मिति २०७२ साल फाल्गुन १६ गते सञ्चालन हुने परीक्षाको लागि त्यस जिल्लामा परेको दरखास्त संख्याको आधारमा तपसिल वमोजिमको परिधिभित्र रही जिल्ला परीक्षा समन्वय समितिबाट परीक्षा केन्द्र निर्धारण गरी २०७२ पुस मसान्त भित्र अनिवार्य रुपमा यस आयोगमा आई पुग्ने गरी पठाइदिन हुन आयोगको मिति २०७२/०९/०५ को निर्णयानुसार अनुरोध छ ।

**तपसिलः**

१) परीक्षा केन्द्रहरुमा प्रति केन्द्र परीक्षार्थीहरुको रोल नं. को क्रम अनुसार २०० जना ( हिमाली क्षेत्रको हकमा १५० जना ) रहने गरी कायम गर्नु पर्नेछ ।
२) परीक्षा केन्द्र कायम गर्दा विद्यालयको भौतिक सुविधा, कम्पाउण्डवाल र सुरक्षा पहुँच समेतलाई आधार मान्नु पर्नेछ ।
३) परीक्षा केन्द्र कायम गरी पठाउदा विद्यालय, क्याम्पस वा शैक्षिक संस्थाको नाम र स्थान उल्लेख गरी पठाउनु पर्ने छ । यसरी उल्लेख भई आएको केन्द्र पछि परिवर्तन हुने छैन ।
४) केन्द्र छनौट गर्दा सकभर सदरमुकाम स्थित विद्यालयलाई प्राथमिकता दिनु पर्ने छ । सो सम्भव नभएमा सदरमुकाम बाहिर परीक्षा केन्द्र निर्धारण गर्नु पर्दा सञ्चार, यातायात र सुरक्षा बन्दोवस्तीलाई आधार मान्नु पर्नेछ ।
५) तोकिएको केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा सञ्चालन गर्न पाइने छैन । अन्य केन्द्रबाट लिइने/ दिइने परीक्षालाई आयोगले मान्यता दिने छैन

**परीक्षा केन्द्र निर्धारणको ढाचाँ ( प्रत्येक दिनको छुट्टै विवरण पठाउने)**

| क..सं. | तह | परीक्षा केन्द्रको नाम ठेगाना | रोल नम्बर | | केन्द्रमा रहने जम्मा परीक्षार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |

(मधुसूदन अधिकारी)
उप-सचिव

बोधार्थ :
श्री क्षेत्रीय शिक्षा निर्देशनालय ५: आफ्नो क्षेत्र भित्रका जिल्ला शिक्षा कार्यालयहरुसँग समन्वय गरी दिन हुन ।